जिरी नगरपालिका

# स्थानीय राजपत्र

जिरी नगर कार्यपालिकाबाट प्रकाशित

खण्डः १ । संख्या ३ । २०८१ साल मंसिर २९ गते

## भाग - २

## जिरी नगरपालिका

### जिरी नगरपालिकाको कृषक प्रोत्साहन तथा पुरस्कार (उत्पादन, रोजगारी र नवीनतम् सोच, आदिका आधारमा) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**१. प्रस्तावनाः**

बागमती प्रदेश, दोलखा जिल्ला, जिरी नगरपालिकामा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिहरुको उपयोग गरी व्यवसायिक कृषिको माध्यमबाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै दिगो आर्थिक वृद्धि गर्न सकिने पर्याप्त सम्भावना रहेको छ । कृषिलाई उत्पादन, आम्दानी, रोजगार र नवीनतम् सोचको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर युवाहरुलाई कृषि पेशामा आकर्षित गरी यस क्षेत्रभित्रै स्वरोजगार सिर्जना गर्नुपर्ने जरुरी छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी जिरी नगरको कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ । साथै उत्पादन, आम्दानी, रोजगार, बजारीकरण तथा खाद्य श्रृङ्खलामा अमूल्य योगदान पुर्‍याउने अन्नदाता कृषकहरुलाई सम्मान गर्नु राज्यका सबै संयन्त्र तथा तहको मुख्य कर्तव्य हो । यसै परिप्रेक्ष्यमा उत्पादन, रोजगारी र नवीनतम् सोच आदिका आधारमा उत्कृष्ट कृषकहरुलाई सम्मान र प्रोत्साहित गर्न जिरी नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०९।०३**

#### परिच्छेद -१
#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम **" जिरी नगरपालिकाको कृषक प्रोत्साहन तथा पुरस्कार (उत्पादन, रोजगारी र नवीनतम् सोच, आदिका आधारमा) कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ "** रहेको छ ।

(ख) यो कार्यविधि जिरी नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) " **प्रमुख** " भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ख) **" उप- प्रमुख "** भन्नाले नगरपालिकाको नगर उप- प्रमुख सम्झनु पर्छ।

(ग) " **प्रमुख प्रशासकीय अधिकृत** " भन्नाले नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) " **नगर कार्यपालिका** " भन्नाले जिरी जिरी नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) " **कार्यक्रम** " भन्नाले कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रम (उत्पादन, रोजगारी र नवीनतम् सोच, आदिका आधारमा) सम्झनु पर्छ।

(च) **" कार्यालय "** भन्नाले जिरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(छ) **" समिति "** भन्नाले दफा बमोजिमको छनोट समिति सम्झनु पर्छ।

(ज) **" शाखा "** भन्नाले जिरी नगरपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्दछ।

(झ) **" विषयगत शाखाको प्राविधिक "** भन्नाले जिरी नगरपालिकाको कृषि विकास शाखामा कार्यरत कृषि प्राविधिक सम्झनुपर्दछ।

(ञ) **" कार्यक्रमको लागि कृषकको न्यूनतम् योग्यता** " भन्नाले यसै कार्यविधिको अनुसूची-१ मा उल्लेख भएको न्यूनतम् मापदण्ड जनाउँदछ।

(ट) " **कृषि** " भन्नाले बाली (अन्न, दलहन, तेलहन, औद्योगिक), बागवानी (तरकारी, आलु, फलफूल, मसला, पुष्प, चिया, कफी), घाँसेबाली, पशुपन्छी, मत्स्य, च्याउ तथा अन्य व्यवसायिक कीट समेत र यसका उप- क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवम् व्यवसाय सम्झनुपर्दछ।

(ठ) **" कृषक "** भन्नाले कृषि पेशा/ व्यवसाय तथा कृषि वस्तु उत्पादनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने व्यक्तिलाई बुझाउँदछ।

(ड) **" वडा "** भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ।

३. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ;

(क) कृषकको योगदानलाई उच्च सम्मान गरी मनोबल बढाउन सहयोग पुऱ्याउने।

(ख) कृषि पेशालाई आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने।

(ग) कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषिलाई व्यवसायिक बनाउन सहयोग पुऱ्याउने।

(घ) शिक्षित युवालाई कृषि पेशा तर्फ आकर्षित एवं नविन प्रविधि अनुशरण गर्न उत्प्रेरणा बढाउने।

४. **लक्षित समूह तथा वर्ग:** यस जिरी नगरपालिका भित्र स्थायी वसोवास गरी कृषि पेशामा संलग्न भएका कृषक/ कृषि फर्म, आदि।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रम कार्यान्वयन विधि:** यस कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयनको विधि देहाय बमोजिम हुनेछ।

(क) यस कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रम (उत्पादन, रोजगारी र नवीनतम् सोच, आदिका आधारमा) संचालनका लागि कृषकहरुबाट अनुसूची- २ बमोजिमको आवेदन र अनुसूची- ३ बमोजिमको विवरण सङ्कलन गर्नको लागि कार्यालयले कम्तिमा १५ दिने सूचना प्रकाशन गरी कार्यक्रममा आवेदन आह्वान गर्नेछ।

(ख) कृषकहरुले सूचना प्रकाशन भए पश्चात सूचनाको समयावधी भित्र रहि कार्यक्रममा सहभागीताको लागि (अनुसूची- २ र ३ बमोजिम) आवेदन पेश गर्नुपर्नेछ।

(ग) आवेदन पेश गर्दा बेरोजगार, वैदेशिक रोजगारबाट फर्किएका युवाले नविनतम् सोच र प्रविधि सहित स्थापना गरेका कृषि फर्मबाट पेश भएका आवेदनलाई प्राथमिकता दिइनेछ।

**६. आवेदन सङ्कलन, मूल्याङ्कन र उत्कृष्ट कृषक घोषणा एवं पुरस्कार वितरण विधि:**

(क) कृषकहरुले आवेदन पेश गरेपश्चात आवेदनको मूल्याङ्कन र आवेदनसँगै पेश भएका विवरणको रुजु गर्ने कार्य शाखामा कार्यरत प्राविधिक कर्मचारीले गर्नेछन्।

(ख) प्राविधिक कर्मचारीले कृषकहरुले पेश गरेका आवेदनहरुको यसै कार्यविधिको अनुसूची- ४ मा उल्लेखित मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछन्।

(ग) प्राविधिक कर्मचारीले कृषकहरुबाट पेश भएका अनुसूची- ३ बमोजिमको विवरण रुजु गर्न स्थलगत निरीक्षण गरी अनुसूची- ४ बमोजिम अन्तिम मूल्याङ्कन गर्नेछन्।

(घ) प्राविधिक कर्मचारीबाट गरिएको मूल्याङ्कन तथा निरीक्षण प्रतिवेदन तोकिएको ढाँचा बमोजिमको हुनेछ।

(ङ) यस कार्यक्रममा कार्यक्रम सञ्चालन र कृषक छनोटका लागि छनोट समिति बनाईनेछ र प्राविधिक कर्मचारीले पेश गरेको मूल्याङ्कन तथा निरीक्षण प्रतिवेदनको आधारमा उक्त छनोट समितिले १ जना कृषकलाई सर्वोत्कृष्ट र ६ जना कृषकहरुलाई उत्कृष्ट कृषक छनोट गरी सिफारिस सहित कृषकहरुको विवरण नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(च) छनोट समितिबाट सिफारिस भए अनुसारका कृषकहरुलाई नगर कार्यपालिकाले पुरस्कृत र सम्मान गर्नका लागि अनुमोदन गर्नेछ।

(छ) नगर कार्यपालिकाले सर्वोत्कृष्ट तथा उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार वितरण एवं सम्मान कार्यक्रममा उपस्थितिको लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

(ज) यस कार्यक्रमबाट १ जना सर्वोत्कृष्ट कृषकलाई रु. ३०, ०००।- (अक्षरेपि तीस हजार मात्र) र ६ जना उत्कृष्ट कृषकहरुलाई जनही रु. २०, ०००।- (अक्षरेपि वीस हजार मात्र) (कर कट्टि सहित) नगद रकम र सम्मान-पत्र सहित सम्मान गरीनेछ।

(झ) कृषक प्रोत्साहन तथा पुरस्कार कार्यक्रम कार्यान्वयन अन्तर्गत उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागी देहाय बमोजिमको ५ सदस्यीय छनोट समिति रहने छः

क. नगर प्रमुख, जिरी नगरपालिका - संयोजक
ख. नगर उप-प्रमुख, जिरी नगरपालिका - सदस्य
ग. आर्थिक विकास समिति संयोजक, जिरी नगरपालिका - सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत, जिरी नगरपालिका - सदस्य

ङ. शाखा प्रमुख, जिरी नगरपालिका - सदस्य सचिव

यस समितिले बढिमा २ जना विषयगत शाखाको प्राविधिक वा सम्बन्धित विषयको विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

(ञ) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ;-

क. आवेदनहरुको मूल्याङ्कन गर्ने।

ख. महत्वपूर्ण बालीहरुको पहिचान गरी न्यूनतम मापदण्ड बमोजिम भए नभएको एकीन गर्ने।

ग. पुरस्कृत र सम्मानित भएका कृषकहरुको अभिलेख राख्ने र एक पटक पुरस्कृत र सम्मानित भएका कृषकहरुलाई कम्तिमा ३ वर्ष सम्म पुनः छनोट नगर्ने।

घ. शाखाद्धारा सञ्चालन हुने यस कार्यक्रममा कृषक छनोट गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने।

## परिच्छेद -३

## विविध

**७. प्राविधिक पक्ष:**

(क) संघ तथा प्रदेशस्तरबाट राष्ट्रिय उत्कृष्ट पुरस्कार प्राप्त गरेको कृषकलाई पुन: यस पुरस्कार कार्यक्रममा समावेश गरिने छैन।

**८. दोहोरोपना नहुने:**

(क) यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन यस कार्यक्रमबाट लाभान्वित हुने कृषकहरुलाई स्थानीय तहबाट कार्यान्वयन हुने सोहि प्रकृतिको अन्य कार्यक्रममा समावेश गरिने छैन।

**९. कारवाही हुने:**

(क) यस कार्यविधि बमोजिम कार्यक्रममा आवेदकले झुटो विवरण पेश गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

**१०. संशोधन:** नगर कार्यपालिकाले यो कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**११. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य सान्दर्भिक विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

# अनुसूची- १

## कार्यक्रममा सहभागीताका लागि न्यूनतम मापदण्ड

## (तल तालिकामा उल्लेख भएको मध्य कुनै एक खेती वा पशुपन्छी पालन भएको)

| क्र. सं. | बालीको नाम | क्षेत्रफल/ संख्या | कैफियत |
|---|---|---|---|
| १. | अन्नबाली (धान, मकै , गहुँ आदि) | कम्तिमा ७ रोपनीमा अन्नबालीको खेती गरेको हुनुपनर्ने | |
| २. | तरकारी बाली | कम्तिमा ३ रोपनीमा तरकारी बाली खेती गरेको हुनुपनर्ने (प्लाष्टिक घरमा १००० वर्ग फिटमा तरकारी खेती गरेको हुनुपर्ने) | |
| ३. | फलफूल बाली (किवी) | कम्तिमा ६ रोपनीमा खेती गरिएको हुनुपर्ने। | |
| ४. | मौरीपालन | कम्तिमा १० मौरी गोला/ घार | |
| ५. | भेडा/ बाख्रा | कम्तिमा ५० को संख्यामा हुनुपर्ने। | |
| ६. | जडिबुटी खेती | कम्तिमा ३ रोपनीमा खेती गरीएको हुनुपर्ने। | |

*नोट:* माथी उल्लेख गरीएको भन्दा बाहेक नवीनतम् कृषि प्रविधिलाई समेत यस कार्यक्रममा समेटिनेछ, साथै उल्लेखित बालीहरुमा पनि नविनतम् सोच, आधुनिक प्रविधि, व्यवसायीकरण तथा बजारीकरण आदि प्रयोग गरी खेती गरीरहनु भएका कृषकलाई विशेष प्राथमिकता दिईने छ।

# अनुसूची- २
# कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने आवेदनको ढाँचा

मितिः

श्री ............................,
................................ ।

**विषयः** कार्यक्रममा सहभागी गराई पाऊँ।

मिति .......................... को सार्वजनिक सूचना अनुसारको कार्यक्रममा मलाई पनि सहभागी हुन इच्छा भएकोले मेरो विवरण सहितको निवेदन फारम दर्ता गरी दिनहुन अनुरोध गर्दछु। यसमा मैले पेश गरेको संलग्न विवरण ठीक छ, झुट्ठा ठहरिए कानुन बमोजिम सहुँला- बुझाउँला ।

**निवेदक:**
**नामः**
**दस्तखतः**
**ठेगानाः**
**सम्पर्क नं.**

**संलग्न गर्नुपर्ने कागजातहरुः-**

१. कार्यविधिको अनुसूची- ३ बमोजिमको ढाँचामा विवरण भरिएको फारम।
२. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
३. फर्म/ कम्पनी व्यवसाय दर्ताको प्रतिलिपि।
४. स्थायी लेखा (पान) नं. दर्ता प्रमाण- पत्रको प्रतलिपि।
५. कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
६. जग्गाको लालपूर्जा वा करार सम्झौताको प्रतिलिपि।
७. सूचनामा माग भए बमोजिमका अन्य कागजातहरु।

## अनुसूची- ३

## कार्यक्रमको लागि कृषकले पेश गर्नु पर्ने विवरण फारमको ढाँचा

**१. कार्यक्रमा सहभागी हुने कृषकको नाम :**
**२. ठेगाना :**
**३. सम्पर्क नम्बर :**

**४. स्रोत साधनको विवरण :**

| क्र. सं. | विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसँग भएको स्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | रोपनी | |
| ख) | कूल खेती गरीएको क्षेत्रफल | रोपनी | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | रोपनी | |
| घ) | सिंचित जग्गाको क्षेत्रफल | रोपनी | |
| ङ) | कृषि यन्त्र उपकरणको विवरण तथा अवस्था | | |
| च) | सिंचाईको स्रोत (कुलो, प्लाष्टिक पोखरी, अन्य आदि) | | |

**५. खेती गरीएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण :**

| क्र. सं. | विवरण | एकाई | क्षेत्रफल | उत्पादन |
|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | | | |
| क) | धान | | | |
| ख) | मकै | | | |
| ग) | गहुँ | | | |
| घ) | कोदो | | | |
| ङ) | फापर | | | |
| २. | दलहन बाली | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |
| ३. | तेलबाली | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |
| ४. | तरकारी बाली | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |
| ५. | आलु बाली | | | |
| ६. | मसला बाली | | | |
| क) | | | | |
| ख) | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७. | फलफूल बाली | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |
| घ) | | | | |
| ८. | मौरीपालन | | | |
| ९. | जडिबुटी खेती | | | |
| १०. | च्याउ (सिताके, गोब्रे, कन्ये) | | | |
| ११. | खाद्यान्न बिउ | | | |
| १२. | तरकारी बिउ | | | |

**६. पशुपन्छीपालन तथा उत्पादन विवरण:**

| क्र. सं. | विवरण | एकाई | परिमाण/ उत्पादन |
|---|---|---|---|
| १. | साना पशु संख्या (भेडा, बाख्रा) | संख्या | |
| २. | प्रजननको लागि पालिएको भेडा, बाख्राको विवरण | संख्या | |

**७. सेवा तथा संस्थागत पहुँच सम्बन्धि विवरण :**

| क्र. सं. | सेवा तथा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि विकास शाखा सँग सम्पर्क/ समन्वय स्थिति | | | | |
| २. | कृषि ऋण स्रोत एवं पहुँच | | | | |
| ३. | प्राविधिकहरुसँगको सम्पर्क स्थिति | | | | |

**८. कृषि पेशामा संलग्न कामदारहरुको विवरण :**

| क्र. सं. | कामको किसिम | सङ्ख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | खेती कार्यमा (बाली र पशु दुवै) | | | |
| २. | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

**९. कृषि व्यवसायमा लगानी स्थिति :**

| क्र. सं. | सेवा तथा संस्थागत विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च (बाली र पशु दुवै) | | |
| २. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ३. | अन्य खर्च | | |
| | **कूल जम्मा खर्च** | | |

**१०. कृषि व्यवसायमा भएको लगानीको स्रोत :**

| क्र. सं. | लगानीको स्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम | | |
| २. | समूह/ सहकारीबाट लिएको ऋण रकम | | |
| ३. | व्यक्तिबाट लिएको ऋण रकम | | |
| ४. | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | **जम्मा** | | |

**११. कृषि पेशाबाट बार्षिक पारिवारिक आम्दानी स्थिति :**

| क्र. सं. | सेवा तथा संस्थागत विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | कृषि उपजको बिक्री तथा बजारीकरणबाट | | |
| ३. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| | **कूल जम्मा आम्दानी** | | |

**१२. निम्न विषयमा कृषकको प्राविधिक दक्षता :**

| क्र. सं. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १. | प्रविधि उपयोग तथा अनुसरण (भएको/ नभएको) | |
| २. | स्रोत साधनको अधिकतम् सदुपयोग (गरेको/ नगरेको) | |
| ३. | प्रविधि विस्तारमा योगदान (भएको/ नभएको) | |
| ४. | रोग किरा नियन्त्रणमा प्रविधिको उपयोग (भएको/ नभएको) | |
| ५. | भकारो एवं गोठ सुधार (गरेको/ नगरेको) | |
| ६. | समूह, समिति, सहकारीका सदस्य (भएको/ नभएको) | |
| ७. | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र पाएको (पाएको/ नपाएको) | |
| ८. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/ नगरेको) | |

**१३. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा) :**

## अनुसूची- ४

## आवेदन छनोटको लागी मूल्याङ्कनको आधारहरुः

| क्र. सं. | मूल्याङ्कनको आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | बाली खेतीका लागि प्रयोग भएको जमीनको क्षेत्रफल र आधारभुत आवश्यकताको उपलब्धता | १० | |
| २. | स्थानीय समुदाय र बजारमा कार्य अनुभवको आदान प्रदान एंव योगदान | १० | |
| ३. | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिति | १० | |
| ४. | रोजगारी सिर्जनाको स्थिति | १० | |
| ५. | नवीतम् प्राविधिक ज्ञान सीपबारे जानकारी र एवं प्रयोग स्थिति | १० | |
| ६. | कृषि व्यवसायको दिगोपना र भावी योजना | १० | |
| ७. | उत्पादन तथा उत्पादकत्वको स्थिति | १० | |
| ८. | कार्यालय र प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९. | कृषक समूह तथा अन्य कृषिसँग सम्बन्धित संस्था सम्मको पहुँच | ५ | |
| १०. | कृषि यान्त्रीकरणको प्रयोग | ५ | |
| ११. | कृषि व्यवसायबाट प्राप्त आम्दानी र प्रतिफलको स्थिति | १० | |
| १२. | रोग किरा तथा शत्रुजीव व्यवस्थापनमा प्रयोग भएको प्रविधि | ५ | |
| | **जम्मा** | **१००** | |